नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

त्रिपुरेश्वर, काठमाडौ

प.स. २०८२/०८३

च.न.

मितिः २०८२/१२/०८

## उद्यमशीलता विकास तालिम सम्बन्धी विस्तृत जानकारी

यस केन्द्रको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वरमा देहाय बमोजिमका **उद्यमशीलता विकास कार्यक्रम** तालिममा सहभागी हुन ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र केन्द्रको बेबसाइट www.mcsipc.gov.np मा रहेको तालिम अनलाइन आवेदन पोर्टल वा https://apply.mcsipc.gov.np मा गएर अनलाइन आवेदन पेश गर्नहुन वा तालिम सम्बन्धित कागजात सहित आवेदन यस केन्द्रमा स्वयंम उपस्थित भएर पेश गर्न सकिने व्यहोरा समेत सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

देहायः

| सि.नं. | तालिमको विषय र अवधि | तालिम सञ्चालन हुने जिल्ला र स्थान | प्रशिक्षार्थी संख्या (जना) |
|---|---|---|---|
| १ | उद्यमशीलता विकास तालिम (४० घण्टा) | त्रिपुरेश्वर, काठमाण्डौ, केन्द्रको भवनमा | २१० |
| २ | कफी वारिष्टा उद्यमशीलता विकास कार्यक्रम (१६० घण्टा) | त्रिपुरेश्वर, काठमाण्डौ, केन्द्रको भवनमा | ६० |

तालिम सम्बन्धी थप विवरण

१. प्रशिक्षार्थीलाई तालिममा सहभागी भएवापत कुनै शुल्क लाग्ने छैन ।

२. प्रशिक्षार्थीमा हुनुपर्ने योग्यताः- नेपाली नागरिक, १६ वर्ष पुगेको नेपाली नागरिक हुनुपर्ने, साधारण लेखपढ गर्न सक्ने ।

३. अनलाइन निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :- निम्न कागजातहरुको इमेज फाइल (png, jpg वा jpeg) अनलाइन आवेदनसँगै पेश गर्नुपर्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र
त्रिपुरेश्वर, काठमाडौं

प.स. २०८२/०८३
च.न.

मितिः २०८२/१२/०८

क) नेपाली नागरिकताको प्रमाणपत्र

ख) पासपोर्ट साईजको फोटो

ग) शैक्षिक योग्यताको प्रमाणपत्र

ङ) लक्षित समूहमा पर्ने भएमा खुल्ने कागजात

च) व्यवसायिक योजना संक्षिप्तमा वढीमा २ पेज

४. योग्यता पुगेको आवेदकले पेश गरेका कागजातको आधारमा **उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२** को दफा ६ बमोजिमका आधारमा छनोट गरिनेछ ।

५. तालीम सञ्चालन हुने समयावधि एवम् स्थानको जानकारी छनौट भएका आवेदकलाई केन्द्रको वेबसाइट www.mcsipc.gov.np मार्फत सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

६. म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

७. उपयुक्त संख्यामा आवेदन प्राप्त नभएमा वा अन्य कुनै कारणले केन्द्रले आंशिक वा पूर्ण रुपले तालीम कार्यक्रम संसोधन एवम् रद्द गर्न सकिनेछ ।

८. दरखास्त पेश गर्नुपर्ने अन्तिम मितिः- २०८२।१२।२२ गतेभित्र (कार्यालय समय भित्र)।

९. अनलाइन आवेदनमा पेश गर्नुपर्ने विवरण एवम् कागजातहरु नभरेको/प्राप्त नभएको वा स्पष्ट नभएको कारण आवेदन रद्द हुन सक्ने भएकोले आवेदकले आवेदन पेश गर्नुभन्दा पहिले राम्ररी रुजु गर्नुपर्नेछ।

१०. प्रशिक्षार्थीले तालीममा सहभागी भएवापत् कुनै पनि प्रकारको भत्ता एवम् सुविधा पाउने छैन ।

११. प्रशिक्षार्थीहरुले आफू छनौट भएको सूचना, तालीम सञ्चालन हुने स्थान, समय र मितिको जानकारी समय समयमा यस केन्द्रको वेवसाइटको सूचना पाटीमा राखिने सूचना हेरी स्वयम् प्रशिक्षार्थीहरुले प्राप्त गर्नुपर्नेछ। यस सम्बन्धमा छुट्टै व्यक्तिगत सूचना दिनुपर्ने गरी माग वा गुनासो आएमा कुनै सुनुवाई गरिनेछैन ।

१२. तालीम सम्बन्धित कागजात सहितको आवेदन यस केन्द्रमा स्वयंम उपस्थित भएर पनि पेश गर्न सकिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र
त्रिपुरेश्वर, काठमाडौं

प.स. २०८२/०८३
च.न.

मिति: २०८२/१२/०८

१३. अनलाइन पोर्टलमा दरखास्त पेश गर्ने तरिका:-

क) इन्टरनेट तथा स्पिकर भएको कम्प्युटर (मोवाइल प्रयोग गर्न मिल्ने भएपनि सम्भव भएसम्म कम्प्युटर नै प्रयोग गर्नु होला) मा वेभ ब्राउजर खोलेर बेवसाईट www.mcsipc.gov.np मा गएर **"तालिम अनलाइन आवेदन"** मा Click गर्ने ।

ख) तपाईको कम्प्युटरमा निम्न बमोजिमको window देखिनेछ ।




(ग) तपाईको कम्प्युटरमा माथि तस्वीरमा देखिएको Window मा "User guide" वा युट्युव (youtube) को ▶ बटनमा "Click" गरेपछि युट्युव भिडियो खुल्नेछ ।

प.स. २०८२/०८३
च.न.

मितिः २०८२/१२/०८

(घ) उक्त युटयुव भिडियोले तपाईलाई अनलाईन फारम पेश गर्ने सबै तरिकाहरु सिकाउने छ ।

(ङ) युटयुव भिडियोले दिएको जानकारी र यो सूचनामा रहेको बिवरणमा केही फरक परेमा यो सूचनाको विवरण नै मान्य हुनेछ ।

(च) थप जानकारीका लागि यस केन्द्रको मोबाईल नम्बर ९७४१६६३६५८ मा सम्पर्क गर्न सकिनेछ ।